जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ अंक : २५८ २०८२ साल चैत्र ३० गते, सोमबार Sunday, Apr.– 13 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## प्रधानमन्त्री बालेनसहित मन्त्रिपरिषद् सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक, कसको कति सम्पत्ति?





***२९ चैत, काठमाडौं ।***
बालेन्द्र शाह (बालेन) नेतृत्वको मन्त्रिपरिषद्का सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको छ। सार्वजनिक विवरणअनुसार प्रधानमन्त्रीदेखि मन्त्रीसम्मका वित्तीय तथा अचल सम्पत्तिहरू खुलाइएको छ।

प्रधानमन्त्री बालेन शाहको बैंक खातामा करिब १ करोड ४४ लाख रुपैयाँ नगद मौज्दात रहेको उल्लेख छ। साथै, उनको आम्दानीको प्रमुख स्रोतका रूपमा फेसबुक, युट्युब र टिकटकजस्ता सामाजिक सञ्जालबाट हुने आयलाई पनि औपचारिक रूपमा देखाइएको छ। अचल सम्पत्तिमा धनुषामा एक घर र महोत्तरीमा करिब ९ बिघा पैतृक जग्गा रहेको विवरणमा उल्लेख छ। उनकी पत्नी सबिना काफ्लेको नाममा करिब १९० तोला पैतृक सुन रहेको पनि जनाइएको छ।

यसैबीच, अर्थमन्त्री डा. स्वर्णिम वाग्ले मन्त्रिपरिषद्मा सबैभन्दा बढी सम्पत्ति भएका मन्त्रीका रूपमा देखिएका छन्। विवरण अनुसार ललितपुर र काभ्रेमा करोडौं मूल्यका अपार्टमेन्ट, चन्द्रागिरी क्षेत्रमा ३ रोपनी जग्गा तथा विभिन्न स्थानमा अन्य घरजग्गा उनको नाममा छन्। उनको बैंक मौज्दात १ करोड ९० लाख रुपैयाँ रहेको छ भने हाइड्रोपावर र बैंक सेयरमा करिब ४ करोड ५० लाख रुपैयाँभन्दा बढी लगानी रहेको जनाइएको छ। उक्त लगानी उनले वैदेशिक रोजगार र निजी क्षेत्रबाट गरेको आयबाट भएको बताइएको छ।

त्यस्तै, गृह मन्त्री सुधन गुरुङको सम्पत्ति विवरणमा परिवारका नाममा ८९ तोला सुन रहेको उल्लेख छ। साथै, चितवन र झापामा करिब ७

बाँकी तेस्रो पृष्ठमा

## पत्रकारमार्फत वित्तीय साक्षरता विस्तार गर्ने राष्ट्र बैंकको पहल





***हेटौंडा । २९ चैत्र,***
नेपाल राष्ट्र बैंकको वीरगञ्ज कार्यालयले वित्तीय साक्षरता प्रवर्द्धन गर्ने उद्देश्यसहित पत्रकार लक्षित एकदिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रम मकवानपुरको हेटौंडास्थित होटल एभोकाडोमा आयोजना गरिएको थियो।

मधेश प्रदेशका बारा, पर्सा, रौतहट तथा बागमती प्रदेशका चितवन र मकवानपुर जिल्लाका करिब ९० जना पत्रकारहरूको सहभागितामा सम्पन्न उक्त कार्यक्रमले वित्तीय ज्ञानलाई समुदायसम्म पुऱ्याउन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुनेमा जोड दिएको छ।

कार्यक्रममा राष्ट्र बैंक वीरगञ्ज कार्यालयका निर्देशक सुशील पौडेलले वित्तीय समावेशिता सामाजिक रूपान्तरणको आधार भएको उल्लेख गर्दै बैंक तथा वित्तीय सेवामा पहुँच विस्तारसँगै प्रविधिको गुणस्तर सुधार अनिवार्य रहेको बताए। उनले डिजिटल बैंकिङको तीव्र विकासले घरमै बसेर आर्थिक कारोबार सम्भव बनाएको भए पनि उपभोक्तामा वित्तीय साक्षरताको अभावले यसको प्रभावकारी प्रयोग हुन नसकेको औंल्याए।

उनका अनुसार हाल बैंकिङ प्रणालीमा तरलता बढी भए पनि कर्जा उपयोग गर्ने क्षमता कमजोर देखिएको छ। राजनीतिक तथा आर्थिक नीतिगत अस्थिरता र वित्तीय ज्ञानको कमीका कारण कर्जाको माग अपेक्षित रूपमा बढ्न

बाँकी तेस्रो पृष्ठमा

## कलैया बजारमा फुटपाथ अतिक्रमण हटाइदै, प्रहरी र नगरपालिकाको संयुक्त कारबाही



***संवाहक सम्वादाता***-२९चैत्र, *कलैया*
जिल्ला प्रहरी कार्यालय बारा, अस्थायी ट्राफिक प्रहरी पोस्ट कलैया र कलैया उपमहानगरपालिकाको संयुक्त आयोजनामा कलैया बजार क्षेत्रमा गरिएको फुटपाथ अतिक्रमण हटाउने अभियान शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

२०८२/१२/२९ गते बिहान करिब ११:३५ बजे जिल्ला प्रहरी कार्यालय बाराको गेट अगाडिबाट सुरु गरिएको अभियान प्र.ब.ना.नि. भानुभक्त नेपालको कमाण्डमा सञ्चालन गरिएको थियो। उक्त कारबाहीमा १४ जना नेपाल प्रहरी र २० जना नगर प्रहरी गरी संयुक्त टोली परिचालन गरिएको थियो। टोलीले कलैया बजार क्षेत्र हुँदै सडक छेउमा अवस्थित फुटपाथ तथा सार्वजनिक स्थानमा गरिएको अतिक्रमण हटाउने कार्य गरेको हो। अभियान करिब १३:०५ बजेसम्म निरन्तर सञ्चालन गरिएको र कुनै पनि अवाञ्छित घटना वा प्रतिरोधबिना शान्तिपूर्ण रूपमा सम्पन्न भएको प्रहरीले जनाएको छ।

बाँकी तेस्रो पृष्ठमा

## मधेशमा लोकसेवाप्रति छोरी–बुहारीको आकर्षण तीव्र, ४५ हजारभन्दा बढी महिलाले दिए आवेदन




***कैलास दास...***
***२९ चैत्र, जनकपुरधाम –***
तराई-मधेश क्षेत्रमा पछिल्ला वर्षहरूमा सरकारी सेवातर्फ महिलाको सहभागिता उल्लेख्य रूपमा बढ्दै गएको देखिएको छ। लोकसेवा आयोगमार्फत सरकारी जागिरका लागि छोरी-बुहारीहरूको आकर्षण तीव्र बनेसँगै हजारौं महिलाले आवेदन दिन थालेका छन्।

लोकसेवा आयोगको जलेश्वर कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मधेश प्रदेशका आठ जिल्लाबाट मात्रै ४५ हजार ४२० जना महिलाले विभिन्न पदका लागि आवेदन दिएका छन्। यसले सरकारी सेवामा महिलाको पहुँच र प्रतिस्पर्धा दुवै विस्तार भइरहेको संकेत गरेको छ।

सूचना अधिकारी विशाल घिमिरेका अनुसार उक्त अवधिमा खुला, महिला, मधेशी तथा अन्य समावेशी समूहअन्तर्गत आवेदन दर्ता भएका छन्। विशेषगरी राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीका पदहरूमा सबैभन्दा बढी दरखास्त परेको देखिएको छ, जसले सामान्य प्रशासनिक पदहरूमा महिलाको


बाँकी तेस्रो पृष्ठमा

## बारा प्रहरीले करिब साढे चार लाख बराबरको अबैध सामान नियन्त्रणमा लियो

***संवाहक सम्वादाता***-२९चैत्र, *कलैया*
जिल्ला प्रहरी कार्यालय बारा अन्तर्गतको संयुक्त प्रहरी गस्ती टोलीले करिब रु. ४ लाख १७ हजार बराबरको अबैध सामान नियन्त्रणमा लिई भन्सार कार्यालयमा दाखिला गरेको छ।

बारा प्रहरी पमुख प्रहरी उपरिक्षक नरेन्द्र कुँवरका अनुसार मिति २०८२ चैत २८ गते राति करिब २१:३० बजे इलाका प्रहरी कार्यालय कवहीगोठ र प्रहरी चौकी अमृतगंज-खजानीबाट खटिएको



संयुक्त गस्ती टोलीले बारा जिल्लाको

बाँकी तेस्रो पृष्ठमा

## कोठामै युवती मृत अवस्थामा फेला, टिकटक भिडियोपछि आत्महत्याको आशंका



***संवाहक सम्वादाता***-२९चैत्र, *कलैया*
वीरगञ्ज महानगरपालिका-१० मा डेरा गरी बस्दै आएकी एक युवती आफ्नै कोठाभित्र मृत अवस्थामा फेला परेकी छन्। प्रारम्भिक रूपमा घटनालाई आत्महत्याको रूपमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

रौतहटकी २० वर्षीया माही गुप्ता कोठाभित्र पासो लगाएको अवस्थामा फेला परेकी हुन्। स्थानीयले जानकारी दिएपछि प्रहरी घटनास्थलमा पुगेर आवश्यक मुचुल्का उठाउँदै अनुसन्धान सुरु गरेको हो।

प्रहरीका अनुसार मृतक युवती मोडलिङ तथा सामाजिक सञ्जालमा सक्रिय रहँदै आएकी थिइन्। विशेषगरी त्प्यत्यप मा उनले नियमित भिडियो पोस्ट गर्ने गरेको र पछिल्ला दिनहरूमा भावनात्मक रूपमा असहज देखिने सामग्री सार्वजनिक गरेको बताइएको छ।

प्रारम्भिक अनुसन्धानमा उनी रौतहटका विवेक गुप्तासँग प्रेम सम्बन्धमा रहेको र पछिल्लो समय वैवाहिक सम्बन्धमा तनाव देखिएको उल्लेख छ। श्रीमान्रुले दोस्रो विवाहको तयारी गरिरहेको विषयले उनी मानसिक रूपमा दबाबमा

बाँकी तेस्रो पृष्ठमा

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

### सरकारी जग्गा जोगाउने कडा कदम–कार्यान्वयन कति प्रभावकारी?

बारा जिल्लाको कलैया कारागार क्षेत्रको सरकारी जग्गामा वर्षौंदेखि भइरहेको अतिक्रमण हटाउन जिल्ला प्रशासन कार्यालयले चालेको कदम स्वागतयोग्य छ। सार्वजनिक सम्पत्तिको संरक्षण र ाज्यको प्रमुख दायित्व हो, र त्यसको उल्लङ्घनमा कडाइ गर्नु शासनको विश्वसनीयता कायम गर्ने आधार पनि हो। प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रको नेतृत्वमा जारी सूचना यसै सन्दर्भमा महत्वपूर्ण पहलका रूपमा लिन सकिन्छ। सरकारी जग्गा कि.नं. १०३, १०२ र ४४४ मा बिना अनुमति स्थायी तथा अस्थायी संरचना निर्माण हुनु मात्र गैर कानूनी होइन, यसले राज्यको सम्पत्तिमाथि दीर्घकालीन अतिक्रमणको संस्कृतिलाई बढावा दिएको देखिन्छ। यस्ता गतिविधि समयमै नियन्त्रण नगरिँदा पछि हटाउन झन् जटिल र विवादास्पद बन्ने खतर ा रहन्छ। त्यसैले अहिले गरिएको हस्तक्षेप ढिलो भए पनि आवश्यक कदम हो । तर, यस्ता कारबाहीमा केवल सूचना जारी गर्नु पर्याप्त हुँदैन। अघिल्ला अनुभवले देखाएको छ–सूचना जारी हुन्छ, समयसीमा तोकिन्छ, तर प्रभावकारी अनुगमन र कार्यान्वयनको अभावमा निर्णय कागजमै सीमित हुने गर्छ। यसपटक प्रशासनले तोकेको एक महिनाको समयसीमा कडाइका साथ पालना गराउने स्पष्ट रणनीति आवश्यक छ । अर्कोतर्फ, अतिक्रमणकारीमध्ये कतिपयले दीर्घकालदेखि बसोबास गर्दै आएका हुन सक्छन्, जसले सामाजिक तथा मानवीय पक्षलाई पनि उठाउँछ। त्यसैले कानून कार्यान्वयनसँगै वैकल्पिक व्यवस्थापन वा पुनर्स्थापनाको सोच पनि आवश्यक देखिन्छ, ताकि समस्या समाधान न्यायपूर्ण र दिगो होस् । अन्ततः, सरकारी सम्पत्तिको संरक्षण कुनै एक कार्यालयको मात्र जिम्मेवारी होइन–यो नागरिक, स्थानीय तह र राज्य सबैको साझा दायित्व हो। यदि प्रशासनले दृढताका साथ यो अभियानलाई अघि बढायो भने यसले देशभर फैलिएको अतिक्रमण नियन्त्रण अभियानलाई सकारात्मक सन्देश दिनेछ।

# दुईदिने बिदाका अवसर



नेपालमा कायम भएका चाडपर्व, दिवसलगायतका करिब ३५ दिनको वार्षिक बिदालाई अधिकतम सात वा १० दिनमा सीमित गर्नु पर्छ । स्कुलमा विद्यार्थीका जाडो र गर्मी बिदा, परीक्षाका बिदा, वार्षिकोत्सव बिदालगायतलाई अधिकतम १५ दिनको सीमाभित्र राख्नु पर्छ । नेपालभरि तराई, पहाड, हिमाल तथा हिउँद र वर्षा सबै समयमा कार्यालय समय बिहान ९ बजेदेखि ५ बजेसम्म कायम गर्नु पर्छ ।



कृष्णहरि बास्कोटा

नेपालमा तत्कालीन प्रधानमन्त्री देवशमशेरले शनिबार सार्वजनिक बिदा दिने प्रचलन आरम्भ गरेका थिए । आजसम्म मुलुकमा यसैले निरन्तरता पाएको छ । यसमा क्रमभङ्गताका लागि पटक पटक आइतबारसमेत सार्वजनिक बिदा थपिएका छन् । ती छोटा अवधिमै संशोधन भएका छन् । वर्तमान सरकारले २०८२ साल चैत २३ गते सोमबारदेखि सरकारी कार्यालय र शैक्षिक संस्था बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने र हप्तामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिने घोषणा गरेको छ । यसले सार्वजनिक बिदाका विषयमा बहस निम्तिएको छ ।

***सरकारी स्पष्टीकरण***

नेपाल सरकारले पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असामान्य परिस्थितिका कारण हप्तामा दुई दिन बिदा दिने घोषणा गरेको छ । इजरायल-अमेरिका र इरानबिच हाल युद्ध जारी जस्तै छ । दुई साताका लागि विराम भए पनि युद्ध टुङ्गिएको छैन । यसका कारण एकातिर पेट्रोलियम पदार्थको उत्पादन घटेको छ भने अर्कातिर यसको ढुवानीमा समेत गम्भीर अवरोध उत्पन्न भएको छ । पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असहजता, अन्तर्राष्ट्रिय ऊर्जा सङ्कट र इन्धनको खपत घटाउन सरकारले यो निर्णय लिन बाध्य भएको भनिएको छ । किनकि यो आलोचनाको विषय बन्न सक्दैन।

***दुईदिने बिदाका फाइदा***

नेपाल सरकारका कार्यालय र शिक्षण संस्था दुई दिन बिदा भएपछि यसको असर सबै क्षेत्रमा पर्ने छ । यसबाट सवारीसाधन कम गुड्ने छन् । वातावरण प्रदूषण नियन्त्रणमा सघाउ पुग्ने छ । पेट्रोलियम पदार्थको आयात कम भएपछि नेपालको व्यापार घाटामा कमी आउने छ । यसबाट सरकारी कर्मचारीलगायतले दुई दिनको बिदा उपयोगबाट लाभ लिने छन् । यसबाट आन्तरिक पर्यटन विस्तार हुने छ । यसको माग निजी क्षेत्रबाट भइरहेको छ । यसबाट घरायसी काम दुरुस्त हुने छन् । कर्मचारीलगायतको पढाइलेखाइमा मद्दत पुग्ने छ । आमनेपालीको दैनिक जीवनमा केही सुबिस्ता विस्तार हुने छ ।

***दुईदिने बिदाका बेफाइदा***

विगतमा दुई दिन बिदा हुँदा केही सरकारी कर्मचारी र विद्यार्थी बरालिएको पाइएको थियो । मदिरा सेवन गर्ने र तास खेल्नेको समय लम्बिएको थियो । यसै गरी स्कुल र कलेज बन्द गर्न पल्किएका विद्यार्थी थप कुलतमा फसेका थिए । दुर्गम स्थानबाट बल्लतल्ल सदरमुकाम वा काठमाडौँ आइपुगेकाहरू दुई दिन बिदाका कारण रणभुल्लमा परेका थिए । वैदेशिक रोजगारीमा जाने पनि यसै गरी जिल्लिएका थिए । थोरै मानिस र कम तलबबाट धेरै काम लिनुपर्ने निजी क्षेत्र र गैरसरकारी क्षेत्र पीडामा थियो ।

***विद्यार्थीको पढाइ***

देवशमशेरको शनिबार बिदा दिने प्रचलनले वर्षमा ५२ दिन बिदा हुन्छ । नेपाल सरकारले वर्षमा करिब ३५ दिन विभिन्न चाडपर्व र उत्सवमा बिदा दिने गरेको छ । स्कुलमा जाडो र गर्मीको बिदा कम्तीमा १५/२० दिनको हुन्छ । यस अतिरिक्त परीक्षा तयारीको बिदा, रिजल्ट कुर्ने बिदा, वार्षिकोत्सव, सरस्वती पूजालगायतका बिदा पनि कम्तीमा १५/२० दिनको हुन्छ । यसमा आइतबारको ५२ दिन बिदा थपिँदा विद्यार्थीका वार्षिक बिदाको योगफल करिब १८० दिन हुन आउँछ । सरसर्ती अन्य मुलुकलाई चियाउँदा वार्षिक रूपमा भारतमा २१० दिन, जापान र कोरियामा २३० दिन, बेलायतमा १९० दिन, अमेरिकामा १८० दिन, फ्रान्समा १६० दिन र नेपालमा १८५ दिन पढाइ हुने अनुमान गरिन्छ ।

कोभिडको समयमा लकडाउन हुँदा स्कुलले अनलाइन कक्षा सञ्चालन गरेका थिए । सरकारले प्रतिविद्यार्थी प्रतिमहिना पाँच सयको इन्टरनेट सेवा शुल्क प्रदान गरेको थियो । यसैप्रकारको कुनै वैकल्पिक प्रबन्ध नगरे विद्यार्थीको पढाइ चौपट हुने छ ।

***बिदा मिलान***

संसारका दुई तिहाइ मुलुकमा शनिबार र आइतबार बिदा दिने प्रचलन छ । ती मुलुकमा सामान्यतः अन्य बिदा हुँदैन । हाम्रो चाडपर्व र दिवसको बिदालाई अधिकतम १० दिनमा झार्नु पर्छ । हालका सुविधारूपी बिदालाई कर्मचारीले आलोपालोका रूपमा लिन पाउने प्रबन्ध गर्न सकिन्छ । यसबाट सरकारी कार्यालय खुला नै रहन्छ । नेपालको कानुनमा बिदा अधिकार होइन, सहुलियत हो भनिएको छ । यसको प्रबन्ध कार्यालय प्रमुखबाट हुने नै छ । यसै गरी कर्मचारीलाई महिनाको एक दिन ‘क्याजुअल’ बिदाको सुविधा छ । यो उपयोग नगरेमा ल्याप्स हुन्छ । कर्मचारीले मासिक साढे दुई दिन घर बिदा पाउँछन् । यसको सञ्चिति १८० दिनभन्दा बढी भएमा ल्याप्स हुन्छ । यसबाट कर्मचारीले ‘फोर्स लिभ’ लिने गरेका छन् । यसरी बिदा उपयोग नगरेमा सोबापत औसत तलबको दरले नगद दिने प्रणाली अवलम्बन गरेमा कर्मचारी नियमित काममा आउने छन् । यस्तै प्रबन्धले विकसित मुलुकमा हप्तामा दुई दिन बिदा दिइएको छ ।

***सेवाग्राहीको मर्का***

सेवाग्राहीका लागि सातै दिन र चौबिसै घण्टा सेवा पाउनु खुसीको कुरा हो । विश्वमा यो चलनचल्तीमा छ । यस अनुसार सार्वजनिक सेवा अनलाइनबाट उपलब्ध गराइन्छ । वर्तमान सरकारले ‘अनलाइन प्री अप्वाइन्टमेन्ट’ लिन पाउने व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ । यसै गरी ‘गभर्मेन्ट कुरियर सिस्टम’ बाट राहदानी, नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र घरमै ल्याइदिने पनि सरकारी प्रतिबद्धतामा परेको छ । यी असम्भव विषय होइनन् । प्रयास गरेमा सफलता हासिल हुने विकसित मुलुकले प्रमाणित गरिसकेका छन् ।

हाल नेपाल प्रहरीले चरित्रसम्बन्धी प्रमाणपत्र अनलाइनबाटै उपलब्ध गराउँछ; जसअनुसार वैदेशिक रोजगारीमा आवश्यक पर्ने अनुमतिपत्र अनलाइनबाट उपलब्ध गराउन कुनै बाधा पर्दैन । आमाबुवा दुवै जना वंशजको नाताले नेपालको नागरिक रहेको, निजको सन्तान नेपालमै जन्मिएको र नेपालमै पढिरहेकालाई अनलाइनबाट नागरिकता दिन कुनै बाधा छैन । स्कुल, कलेज र विश्वविद्यालयबाट जारी हुने मार्कसिट र चारित्रिक प्रमाणपत्र अनलाइनबाट पठाइदिए हुन्छ । यसरी अधिकांश सेवा सहजै जनतालाई अनलाइनबाट प्रदान गर्न सकिन्छ । यसका लागि उपयुक्त विद्युतीय कानुनका अतिरिक्त सरकारी मानिस र आमजनताको सोचाइमा परिवर्तन ल्याउन जरुरी छ ।

***‘माइन्डसेट’ मा परिवर्तन***

पङ्क्तिकार प्रशासन सुधार अनुगमन समितिको संयोजक हुँदा केही सरकारी कार्यालयका सेवा बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म सिफ्टमा कर्मचारी खटाई प्रदान गर्न सिफारिस गरेको थिएँ । सो अनुसार काठमाडौँ उपत्यकाभित्रका जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगार कार्यालय, यातायात कार्यालयलगायतमा कर्मचारी बिहान ६ बजेअघि नै पुगी सेवा प्रवाह आरम्भ गरेका थिए । नतिजा भने पूर्णतः निराशाजनक भयो । सामान्यतः अपवादबाहेक सेवाग्राही बिहान र साँझ सेवा लिन आएनन् । कर्मचारी सेवाग्राही कुरेर बसे । त्यसका कारण करिब छ महिनापछि यो सेवा बन्द भयो । सरकारी पदाधिकारी र सेवाग्राही जनताको ‘माइन्डसेट’ परिवर्तन नभई दुईदिने बिदा सफल हुन कठिन छ ।

***आवश्यक पूर्वाधार***

विकसित मुलुकमा बिहानै खुलेका कार्यालय साँझ मात्रै बन्द हुन्छन् । त्यहाँ कर्मचारी उक्त समयमा काम गर्न रमाएका छन् । कारण, उनीहरू बिहान घरमा पेटभरि ‘ब्रेकफास्ट’ खान्छन् । दिउँसो ‘लन्च’ खाने बानी परेको छ । उनीहरू ‘लन्चबक्स’ घरमै तयार पार्छन् । कार्यालयमा खाना तताउने उपकरण उपलब्ध हुन्छ । लन्च खाने समय छुट्याइएको हुन्छ । लन्च खाने मेचटेबुल हुन्छ । चिया, कफी जस्ता सामग्री कार्यालयले उपलब्ध गराउँछ । ‘म्याक्रोओभन’ र फ्रिज कर्मचारीका लागि उपलब्ध हुन्छ । किनेर खान ‘क्याफ्टेरिया’ वा क्यान्टिनको व्यवस्था हुन्छ; जहाँ सहुलियत मूल्यमा गुणस्तरीय खाना उपलब्ध हुन्छ । नेपालमा पनि सरकारी कार्यालय, विद्यालयलगायतमा सहुलियतपूर्ण मूल्यमा दिउँसोको खाना खानेलगायतका प्रबन्ध गर्न सकिए भविष्यमा पनि दुईदिने बिदालाई निरन्तरता दिन सजिलो हुने छ ।

***मजदुरका पीडा***

समाजमा कैयौँ मानिस दैनिक काम गरेर हातमुख जोर्ने गर्छन् । यस्ता मानिसलाई दुईदिने बिदाले समस्या पर्न सक्छ । दैनिक ज्यालादारीका कर्मचारीले शनिबार चार दिन कट्टी गरी २५/२६ दिनको तलब पाइरहेकामा भविष्यमा महिनामा आठदेखि १० दिनको तलब कट्टा हुन सक्छ । यो भनेको एक तृतीयांश तलब कट्टा हुन हा । यस पाटाबाट पनि समस्याको समाधान खोजिनु पर्छ ।

***स्टक मार्केटको कारोबार***

हाल नेप्सेको कारोबार हप्तामा पाँच दिन हुने गरेको छ । हप्तामा कार्यालय नै पाँचदिने भएपछि नेप्से कारोबार चार दिन मात्रै हुने हो कि भन्ने चर्चा र चासो बढेको छ । यस्ता विषयमा पनि समुचित सम्बोधन हुन जरुरी छ ।

***निजी र गैससको चासो***

सरकारी कार्यालय र विद्यालय हप्तामा पाँच दिन खुल्ने भएपछि निजी क्षेत्र, गैरसरकारी क्षेत्रलगायतमा तरङ्ग पैदा भएको छ । ती निकाय सरकारी लयमा चल्ने वा आफ्नै समयसारिणीमा चल्ने भन्ने दुबिधा हुनु स्वाभाविकै हो । विश्वव्यापी अनुभवका आधारमा मुलुकभित्रका सबै निकायमा हप्तामा दुई दिन बिदा दिँदा नै काममा सामञ्जस्य हुन्छ ।

***अनुत्तरित प्रश्न***

इजरायल-अमेरिका तथा इरानबिचको युद्ध हाल दुई हप्ताका लागि रोकिए पनि यो युद्ध दीर्घकालका लागि अन्त्य गर्ने प्रयास भइरहेको छ । नतिजा सकारात्मक गोरेटोमा छ । यसपछि नेपालका सरकारी कार्यालय र विद्यालय आइतबार पनि खुल्छन् कि अब भविष्यमा पनि हप्तामा दुई दिन नै बिदा हुन्छ भन्ने प्रश्न निरुत्तरित छ । यसलाई स्पष्ट पार्दै अघि बढ्दा नयाँ कार्यसंस्कृतिको विकासमा मद्दत्त पुग्ने छ ।

***निष्कर्ष र सिफारिस***

विश्वमा देखिएको विषम परिस्थितिका कारण नेपालमा हाल हप्तामा शनिबार र आइतबार गरी दुई दिन बिदा दिइएको छ । यसलाई भविष्यपर्यन्त निरन्तरता दिनुपर्ने अभिमत छ पङ्क्तिकारको । यसका लागि हाल नेपालमा कायम भएका चाडपर्व, दिवसलगायतका करिब ३५ दिनको वार्षिक बिदालाई अधिकतम सात वा १० दिनमा सीमित गर्नु पर्छ । स्कुलमा विद्यार्थीका जाडो र गर्मी बिदा, परीक्षाका बिदा, वार्षिकोत्सव बिदालगायतलाई अधिकतम १५ दिनको सीमाभित्र राख्नु पर्छ । नेपालभरि तराई, पहाड, हिमाल तथा हिउँद र वर्षा सबै समयमा कार्यालय समय बिहान ९ बजेदेखि ५ बजेसम्म कायम गर्नु पर्छ । यो व्यवस्था सरकारी निकाय र सरकारी स्कुलका साथै निजी क्षेत्र, गैरसरकारी क्षेत्र, सहकारी, अन्तर्राष्ट्रिय सङ्घ संस्थालगायत सबैका लागि समान रूपमा लागु हुनु पर्छ । यसरी कामकाजमा सहभागी हुने पेसाविद् र आमनेपालीले बिहान ‘ब्रेकफास्ट’ खाने र दिउँसो ‘लन्च’ खाने नयाँ संस्कृतिको क्रमशः विकास गर्नु पर्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## अमेरिका-इरानबिच थप वार्ताका लागि आग्रह

*पेरिस, चैत २९ गते ।*
मध्यपूर्वमा जारी द्वन्द्व अन्त्यका लागि आइतबार इस्लामाबादमा भएको वार्ता बिनानिष्कर्ष समाप्त भएपछि विश्व समुदायले अमेरिका र इरानलाई वार्ता जारी राख्न आग्रह गरेका छन्।

वार्ताको मध्यस्थकर्ता पाकिस्तानले वार्ताका लागि दुबै पक्षबिच विश्वासको वातावरण बनाउनु विश्व समुदायको कर्तब्य भएको युद्ध अन्त्यका लागि वार्ता अनिवार्य देखिएको बताएको छ। पाकिस्तानका विदेश मन्त्री इशाक दारले भन्नुभयो, "दुई पक्षहरूले युद्धविरामप्रतिको आफ्नो प्रतिबद्धतालाई कायम राख्नु अत्यावश्यक छ।" उहाँले भन्नुभयो, "इस्लामिक गणतन्त्र इरान र संयुक्त राज्य अमेरिकाबीच वार्ता र संवादका लागि पाकिस्तानले भूमिका निर्वाह गर्दै आएको छ र आगामी दिनमा पनि आफ्नो भूमिकालाई महत्त्वका साथ अघि बढाउनेछ।" मध्यपूर्वमा जारी द्वन्द्व समाधानका लागि कूटनीति आवश्यक रहेको युरोपेली सङ्घका विदेश मामिला हेर्ने शाखाका प्रवक्ता अनउआर अल अनौनीले बताउनुभएको छ। पाकिस्तानले आयोजना गरेको अमेरिका-इरान वार्ता असफल भएको उल्लेख गर्दै प्रवक्ता अल अनौनीले भन्नुभयो, "हामी



पाकिस्तानलाई मध्यस्थताको प्रयासका लागि सलाम गर्छौं र ब्रसेल्सले आफ्ना साझेदारहरूसँगको समन्वयमा समाधानमा पुग्न थप प्रयासमा योगदान गर्नेछ।"


रूसले पनि आगामी दिनमा युद्धविराम मध्यस्थताका लागि इच्छा देखाएको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मध्यपूर्वमा शान्ति स्थापनाका लागि मध्यस्थताको प्रयासमा सहयोग गर्न आफू तयार रहेको बताउनुभएको हो । "रूसी नेता पुटिनले द्वन्द्वको राजनीतिक र कूटनीतिक समाधानको खोजीलाई अझ सहज बनाउन र मध्यपूर्वमा न्यायपूर्ण र दिगो शान्ति प्राप्त गर्ने प्रयासमा मध्यस्थता गर्न आफ्नो तत्परतामा जोड दिनुभएको छ," क्रेमलिनद्वारा जारी गरेको विज्ञप्तिमा भनिएको छ।

बेलायतले पाकिस्तानमा वार्ताका लागि भेटवार्ताको पहलकदमीका लागि पाकिस्तानी सरकारको प्रशंसा गरेको छ तर वार्ता निष्कर्षविहिन अवस्थामा प्रतिनिधिमण्डल विभक्त हुनुले निराश बनाएको बताएको छ। बेलायतका स्वास्थ्यमन्त्री वेस स्ट्रिटिङले स्काई न्यूजसँग भन्नुभएको छ, "हामीले वार्तामा सफलता हासिल नगर्नु र इरानमा जारी युद्धको अन्त्य नहुनु निराशाजनक हो।" "कूटनीतिमा वार्ता सफल नहुँदासम्म तपाईं असफल भएको मानिन्छ । सबै वार्ताहरू सफलतामा समाप्त नहुन सक्छन्, यसको मतलब यो होइन कि प्रयास जारी राख्नुको कुनै औचित्य छैन," उहाँले थप्नुभयो ।

## अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान दिवस आज

*काठमाडौं, चैत २९ गते ।*
मानव सभ्यतामा अन्तरिक्ष युगको सुरुवातको स्मरण गर्दै आज अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष उडान दिवस विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रमका साथ मनाइँदैछ । सन् २०११ अप्रिल ७ मा संयुक्त राष्ट्रसङ्घको महासभाले यससम्बन्धी प्रस्ताव पारित गरेर प्रत्येक वर्ष अप्रिल १२ लाई अन्तरराष्ट्रिय मानव अन्तरिक्ष उडान दिवसका रूपमा मनाउने निर्णय भएको हो।

यो दिवसले अन्तरिक्ष विज्ञान तथा प्रविधिको योगदानलाई स्मरण गर्दै दिगो प्रविधिका माध्यमबाट विकास लक्ष्य हासिल गर्न तथा जनताको जीवनस्तर उकास्न जोड दिएको छ । सन् १९६१ अप्रिल १२ मा सोभियत नागरिक युरी गागरिनले पहिलो पटक अन्तरिक्ष उडान सम्पन्न गर्नुभएको थियो । उहाँ पृथ्वीको परिक्रमा गर्ने पहिलो मानव बन्नुहुँदा अन्तरिक्ष अन्वेषणको नयाँ युगको सुरुवात भएको मानिन्छ । त्यसअघि



सन् १९५७ अक्टोबर ४ मा पहिलो मानव निर्मित पृथ्वी उपग्रह 'स्पुतनिक-१' अन्तरिक्षमा प्रक्षेपण गरिएको थियो । यसबाट अन्तरिक्ष अन्वेषणको मार्ग प्रशस्त भएको थियो । त्यसपछिका दशकहरूमा मानव अन्तरिक्ष यात्रामा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । सन् १९६३ जुन १६ मा भ्यालेन्टिना तेरेश्कोभा अन्तरिक्षमा पुग्ने पहिलो महिला बन्नुभयो भने सन् १९६९ जुलाई २० मा नील आर्मस्ट्रङले चन्द्रमाको सतहमा पाइला टेक्ने पहिलो मानवको इतिहास रच्नुभयो । सन् १९७५ जुलाई १७ मा अपोलो र सोयुज अन्तरिक्ष यान जोडेर पहिलो पटक योजनाबद्ध अन्तर्राष्ट्रिय मानव अन्तरिक्ष अभियान सफल भएको थियो ।

संयुक्त राष्ट्रसङ्घले अन्तरिक्ष अन्वेषण र यसको उपयोग मानवजातिको साझा सम्पत्ति भएको उल्लेख गर्दै त्यसको लाभ सबै राष्ट्रसम्म पुऱ्याउनुपर्नेमा जोड दिएको छ ।

## पत्रकारमार्फत ...

नसकेको उनले बताए।
त्यस्तै, सहायक निर्देशक नरेश सर्राफ ले पछिल्लो समय अनलाइन बैंकिङ ठगीका घटना बढ्दो क्रममा रहेको जानकारी दिँदै वीरगञ्ज कार्यालयमा दैनिक झण्डै ५४ भन्दा बढी उजुरी आउने गरेको बताए। उनले सुरक्षित डिजिटल कारोबारका लागि सचेतना आवश्यक रहेको र यसमा पत्रकारहरूले जनचेतना फैलाउनुपर्नेमा जोड दिए।
अर्का सहायक निर्देशक विनय केशरी ले नक्कली नोट पहिचान, मुद्रास्फीति, विनिमय दर र सुरक्षित अनलाइन भुक्तानी प्रणालीबारे जानकारी दिँदै उपभोक्तालाई सचेत भएर आर्थिक निर्णय लिन सुझाव दिए।
कार्यक्रममा वित्तीय साक्षरताका आधार, खर्च व्यवस्थापन, बैंकिङ सेवाको लागत तुलना, खाताको नियमित निगरानी, कागजातमा हस्ताक्षर अघि परामर्श लिनुपर्ने जस्ता विषयमा समेत प्रशिक्षण दिइएको थियो। साथै, वस्तु तथा सेवा खरिद गर्दा त्यसको स्रोत र वातावरणीय प्रभावसमेत ध्यानमा राख्न सहभागीहरूलाई आग्रह गरिएको थियो।

## कलैया...

प्रहरीका अनुसार बजार क्षेत्रमा पैदल यात्रुहरूको आवागमनमा सहजता ल्याउन तथा ट्राफिक व्यवस्थापन सुधार गर्न नियमित रूपमा अतिक्रमण हटाउने अभियान सञ्चालन गरिँदै आएको छ। स्थानीय प्रशासनले सडक छेउमा अनाधिकृत रूपमा राखिएका पसल, टहरा तथा सामग्री हटाउँदै सार्वजनिक स्थानलाई व्यवस्थित बनाउने उद्देश्य रहेको जनाएको छ।
स्थानीय बासिन्दा र व्यवसायीलाई आगामी दिनमा फुटपाथ अतिक्रमण नगर्न आग्रह गर्दै प्रशासनले नियम उल्लङ्घन भएमा थप कडा कारबाही गर्ने चेतावनीसमेत दिएको छ।

## मधेशमा...

रुचि उच्च रहेको स्पष्ट पार्छ।
जिल्लागत तथ्यांक हेर्दा सर्लाहीबाट ६ हजार ६९२, धनुषाबाट ५ हजार ९३९, बाराबाट ५ हजार ९५२, महोत्तरीबाट ६ हजार ९८, रौतहटबाट ४ हजार ७८३, सप्तरीबाट ४ हजार ७४३, सिरहाबाट ४ हजार ५५३ र पर्साबाट ४ हजार ९२ महिलाले आवेदन दिएका छन्। यी तथ्यांकले मधेशका सबै जिल्लाबाट समान रूपमा महिलाको सहभागिता बढिरहेको देखाउँछ।
विगतमा पुरुषप्रधान मानिने सरकारी सेवा क्षेत्रमा अहिले महिलाको सक्रियता बढ्नु सामाजिक परिवर्तनको संकेतका रूपमा लिइएको छ। शिक्षाको पहुँच विस्तार, सरकारी नीतिमा समावेशी व्यवस्था र महिलालाई दिइएका आरक्षण अवसरका कारण उनीहरू घरायसी भूमिकाबाट बाहिर निस्केर आत्मनिर्भर बन्न थालेका छन्।
विशेषज्ञहरूका अनुसार यो प्रवृत्तिले भविष्यमा प्रशासनिक क्षेत्रमा लैङ्गिक सन्तुलन बढाउने मात्र होइन, सामाजिक सोचमा समेत ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। (सभार समाचार दैनिक)

## इन्धन खर्चमा...

रहेको हुनसक्ने उनका नजिकका साथीहरूको भनाइ छ।
घटनापूर्व उनले आफ्नो टिकटक आइडीमार्फत भावनात्मक भिडियो पोस्ट गरेको देखिएको प्रहरीले जनाएको छ। सो भिडियो अहिले अनुसन्धानको एक हिस्सा बनाइएको छ।
प्रहरीले घटनाको वास्तविक कारण, मानसिक अवस्था र सम्भावित पारिवारिक विवादबारे विस्तृत अनुसन्धान भइरहेको जनाएको छ। स्थानीय तहमा भने यो घटनाले सामाजिक सञ्जाल प्रयोग र मानसिक स्वास्थ्यबारे बहस पनि सुरु गराएको छ।

## बारा...

सुवर्ण गाउँपालिका-१ स्थित सोलखपुर क्षेत्रमा उक्त सामान बरामद गरेको हो।

भारतबाट नेपालतर्फ भन्सार छली गरी ल्याइँदै गरेको अवस्थामा फेला परेको उक्त सामानको अनुमानित मूल्य रु. ४,१७,००० (चार लाख सत्र हजार ) रहेको प्रहरीले जनाएको छ।
बरामद गरिएका सामानहरूमा २० पिस २१ इन्चका SURYA LED TV, २० वटा क्च्छ ग्यास चुल्हो, २४ पिस साडी र ५ पिस टर्च लाइट रहेका छन्।

नियन्त्रणमा लिइएका सम्पूर्ण सामानहरू आवश्यक कानुनी प्रक्रिया पूरा गर्नका लागि द्यष्च्नगलव ऋगकतयफक इाष्अभ मा दाखिला गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।
प्रहरीले सीमा क्षेत्रमा हुने अवैध आयात-निर्यात तथा भन्सार छली रोक्न नियमित निगरानी र गस्तीलाई अझ कडा बनाइने बताएको

## प्रधानमन्त्री...

बिघा खेतीयोग्य जमिन तथा विभिन्न सहकारी संस्थामा करिब १५ करोड रुपैयाँ बराबरको संस्थापक सेयर रहेको देखिन्छ।
परराष्ट्र मन्त्री शिशिर खनालको विवरण अनुसार करिब २२ तोला सुन, २५ तोला चाँदी र १० लाख रुपैयाँ बैंक मौज्दात रहेको छ। उनले ३० भन्दा बढी कम्पनीमा सेयर लगानी गरेको तथा करिब ५५ लाख रुपैयाँ व्यक्तिगत ऋण लगानी पनि गरेको विवरणमा उल्लेख छ।
यस सार्वजनिक विवरणले मन्त्रिपरिषद्भित्रको आर्थिक अवस्था र पारदर्शिताबारे व्यापक चर्चा सुरु भएको छ।

## सरकारी...

वितरणमा ढिलाइ हुने समस्या देखिएको अस्पताल प्रशासनले जनाएको छ। यही कारण सेवाग्राहीले लामो समय कुर्नुपर्ने बाध्यता रहेको गुनासो पनि बढ्दै आएको छ।
मन्त्री मेहताले अस्पताल अनुगमनका क्रममा औषधि खरिदका लागि बाहिर जानुपर्ने अवस्थाबारे पनि गम्भीर ध्यानाकर्षण गराउँदै अस्पतालमै आवश्यक औषधि उपलब्ध गराउने प्रणाली सुधार गर्न निर्देशन दिएकी छन्।
उनले समग्र स्वास्थ्य सेवामा सुधार ल्याउने दीर्घकालीन योजना छिट्टै सार्वजनिक गरिने पनि बताइन्। साथै, सरकारी निर्देशनअनुसार आइतबार सार्वजनिक बिदाको दिन पनि अस्पतालहरूमा बहिरंग सेवा सञ्चालन भइरहेको जानकारी दिइएको छ।
स्वास्थ्य मन्त्रालयका अनुसार डिजिटल रिपोर्ट प्रणाली लागू भएपछि सेवा प्रवाह छिटो, पारदर्शी र प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## उद्योग...

सम्पत्ति विवरणमा ऋण तथा दायित्व पनि उल्लेख गरिएको छ, जसअनुसार विभिन्न व्यक्तिको नाममा करिब १ करोड ६० लाख रुपैयाँ ऋण तथा अन्य अटो लोन र गाडीसम्बन्धी वित्तीय दायित्वहरू रहेका छन्। समग्रमा हेर्दा मन्त्री यादवको सम्पत्ति संरचना जग्गा, बहुमूल्य धातु, बैंक मौज्दात, लगानी र भाडा आम्दानीमा फैलिएको देखिन्छ, जसपछि मन्त्रीहरूको सम्पत्ति पारदर्शिता र स्रोतबारे पुनः सार्वजनिक बहस सुरु भएको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
बालबालिकालाई विद्यालय पठाउने ।
उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# प्रधानमन्त्री बालेन भारत भ्रमणमा जाने तयारी





***काठमाडौं । २९ चैत्र,***
प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) भारत भ्रमणमा जाने तयारी भइरहेको भन्दै सरकारी स्तरमा आन्तरिक तयारी सुरु भएको दाबी गरिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले निमन्त्रणा पठाएको र प्रधानमन्त्री बालेनले त्यसलाई स्वीकार गरिसकेको बताइए पनि नेपाल सरकारले यसबारे औपचारिक घोषणा भने गरेको छैन । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार भारतीय प्रधानमन्त्री मोदीले शुभकामना सन्देशमार्फत नै प्रधानमन्त्री बालेनलाई भारत भ्रमणको निम्ता दिएका हुन् । सो निम्तालाई प्रधानमन्त्रीले सकारात्मक रूपमा स्वीकार गरेको र दुवै देशका कूटनीतिक संयन्त्रमार्फत मिति तथा कार्यक्रम तय गर्ने तयारी भइरहेको बताइएको छ ।

नवौँ हिन्द महासागर सम्मेलनमा सहभागी हुन मौरिसस पुगेका परराष्ट्रमन्त्री शिशिर खनालले भारतीय सञ्चारमाध्यम विअन ( ध्क्इल) सँग कुरा गर्दै भारत भ्रमणबारे संकेत गरेका हुन् । उनका अनुसार दुई देशबीच उच्चस्तरीय सम्बन्धलाई थप मजबुत बनाउने विषयमा प्रारम्भिक छलफल भएको छ ।

“हाम्रा प्रधानमन्त्रीले बधाई सन्देशमार्फत निमन्त्रणा प्राप्त गर्नुभएको छ, र उहाँले त्यसलाई स्वीकार पनि गर्नुभएको छ,” परराष्ट्रमन्त्री खनालको भनाइ उद्धृत गर्दै स्रोतहरूले जनाएका छन् । यद्यपि भ्रमणको मिति, कार्यसूची तथा औपचारिक कार्यक्रम भने कूटनीतिक संयन्त्रमार्फत तय हुने बताइएको छ ।

त्यसैगरी परराष्ट्रमन्त्री खनालले भारतीय विदेशमन्त्री एस. जयशंकरसँग समेत भेटवार्ता गरेका थिए । सो भेटमा नेपाल-भारत सम्बन्ध, विकास सहकार्य, ऊर्जा, पूर्वाधार तथा क्षेत्रीय सहकार्यका विषयमा छलफल भएको बताइएको छ । प्रधानमन्त्रीको सम्भावित भारत भ्रमणलाई लिएर राजनीतिक वृत्तमा समेत चासो बढेको छ । तर सरकारी स्रोतहरूले अहिलेसम्म यसबारे कुनै आधिकारिक निर्णय सार्वजनिक नभएको स्पष्ट पारेका छन् ।

विश्लेषकहरूका अनुसार यदि यो भ्रमण तय भएमा नेपाल-भारत सम्बन्धमा नयाँ सरकारको प्राथमिकता, आर्थिक सहयोग र कूटनीतिक सम्बन्ध सुदृढीकरणका विषयहरू प्रमुख एजेन्डा बन्न सक्ने अनुमान गरिएको छ ।

हालसम्म दुवै देशका आधिकारिक निकायबाट भ्रमणको मिति वा कार्यक्रमबारे कुनै औपचारिक पुष्टि भएको छैन ।

# अभियोगपत्र संशोधन विवादः सर्वोच्चद्वारा पूर्ण इजलासमा पठाउने निर्णय



***काठमाडौं – २९ चैत्र,***
अभियोगपत्र संशोधन गर्न महान्यायाधिवक्ताले दिएको स्वीकृतिको वैधता र अदालतको अधिकार क्षेत्रसम्बन्धी कानुनी प्रश्नमा सर्वोच्च अदालतले थप स्पष्ट व्याख्या आवश्यक रहेको ठहर गर्दै मुद्दा पूर्ण इजलासमा पठाउन आदेश दिएको छ।

सर्वोच्च अदालतले सम्बन्धित जिल्ला अदालतमा अभियोगपत्र संशोधनसम्बन्धी प्रक्रिया बाँकी नै रहेको अवस्थामा आफूले कति हदसम्म हस्तक्षेप वा विषयवस्तुमा प्रवेश गर्न मिल्ने भन्ने प्रश्न उठाएको छ। यसै क्रममा अदालतले यदि जिल्ला अदालतले नै उक्त विषयको औचित्य परीक्षण गर्न सक्ने हो भने महान्यायाधिवक्ताको निर्णयमाथि रिट क्षेत्राधिकारबाट सर्वोच्चले प्रवेश गर्नुपर्ने आवश्यकता के हो भन्ने प्रश्नसमेत अघि सारेको छ।

अदालतले विशेष रूपमा आठौं प्रश्नमा अभियोगपत्र संशोधन गर्न अनुमति दिने महान्यायाधिवक्ताको निर्णयमाथि रिटमार्फत न्यायिक समीक्षा गर्न मिल्ने वा नमिल्ने विषयलाई मुख्य कानुनी विवादका रूपमा उल्लेख गरेको छ।

यसअघि यससम्बन्धी दुई अलग मुद्दामा भएका नजीरहरू हालको विवादसँग पूर्ण रूपमा मेल नखाने भन्दै सर्वोच्चले एउटै स्पष्ट सिद्धान्त आवश्यक रहेको निष्कर्ष निकालेको हो। अदालतले यस विषयमा भविष्यका लागि मार्गदर्शन हुने गरी व्याख्या र सिद्धान्त प्रतिपादन गर्नुपर्ने देखिएको भन्दै मुद्दा पूर्ण इजलासमा पठाउने आदेश दिएको छ।

सर्वोच्चको यो कदमले अभियोगपत्र संशोधन, महान्यायाधिवक्ताको निर्णय अधिकार र अदालतको क्षेत्राधिकारबीचको सीमारेखाबारे स्पष्ट कानुनी मार्गनिर्देशन तय गर्ने अपेक्षा गरिएको छ।

# कुटपिटबाट प्रहरी कर्मचारीको मृत्यु, चार जना पक्राउ

***संवाहक सम्वादाता-२९चैत्र, कलैया***
वीरगञ्ज मा कुटपिटका क्रममा एक युवकको ज्यान गएको छ। घटनापछि प्रहरीले चार जनालाई नियन्त्रणमा लिएको छ।





वीरगञ्ज महानगरपालिका-९ श्रीपुरस्थित भारतीय राजदूतावास पछाडि रहेको एक घरमा भएको विवाद कुटपिटमा परिणत हुँदा २७ वर्षीय विकास चौरसियाको मृत्यु भएको प्रहरीले जनाएको छ। प्रारम्भिक जानकारीअनुसार उनी नेपाल प्रहरीमा कार्यरत कर्मचारी भएको पुष्टि भएको छ।

स्थानीयका अनुसार रौतहट घर भएका एक परिवारले डेरा लिएर बसिरहेको कोठामा सुरु भएको विवाद विस्तारै चर्किंदै जाँदा झगडा हिंसात्मक बनेको हो। सो क्रममा रड प्रहार हुँदा चौरसियाको घटनास्थलमै वा उपचारका क्रममा ज्यान गएको बताइएको छ।

घटनापछि क्षेत्र तनावग्रस्त बनेको थियो भने सुरक्षाकर्मी परिचालन गरी अवस्था नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। घटनामा संलग्न रहेको आशंकामा तीन जना पुरुष र एक जना महिला गरी चार जनालाई पक्राउ गरिएको छ।

प्रहरीले घटनाको कारण, संलग्नता र विस्तृत परिस्थितिबारे थप अनुसन्धान भइरहेको जनाएको छ। स्थानीय बासिन्दाले यस्तो हिंसात्मक घटनाले क्षेत्रको सुरक्षाबारे चिन्ता बढाएको प्रतिक्रिया दिएका छन्।

# उद्योग मन्त्री यादवको सम्पत्ति विवरण सार्वजनिकः काठमाडौँदेखि मधेससम्म फैलिएको करोडौको जग्गा

***संवाहक सम्वादाता-२९चैत्र, कलैया***
उद्योग मन्त्री गौरी कुमारी यादवको सम्पत्ति विवरण सार्वजनिक भएपछि उनको नाममा काठमाडौँ उपत्यका र मधेस प्रदेशका विभिन्न स्थानमा उल्लेख्य मात्रामा अचल तथा चल सम्पत्ति रहेको देखिएको छ। प्रधानमन्त्री कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार काठमाडौँ महानगरपालिका वडा नं. ९ मा करिब १ रोपनीभन्दा बढी क्षेत्रफलमा तीनतले घर रहेको छ भने वडा नं. १० का विभिन्न स्थानमा छुट्टाछुट्टै कित्तामा जग्गा रहेको उल्लेख गरिएको छ। शहरी क्षेत्रमा रहेको यो सम्पत्तिले उनको अचल सम्पत्तिको एक महत्वपूर्ण हिस्सा काठमाडौँमै केन्द्रित रहेको देखाउँछ।



मधेस प्रदेशतर्फ भने बर्दिबास, सम्सी र मनरासिस्वा क्षेत्रमा गरी ठूलो परिमाणमा कृषि तथा आवासीय जमिन रहेको विवरणमा उल्लेख छ। बर्दिबासमै करिब १४ कठ्ठा र १५ कठ्ठा गरी दुई अलग जग्गा तथा अन्य स्थानमा थप साढे ६ बिघा जमिन रहेको देखिन्छ। यसका साथै सम्सीमा १ कठ्ठा जग्गा र मनरासिस्वा क्षेत्रमा एक पोखरीसमेत उनको नाममा रहेको विवरणले देखाउँछ। यसले मन्त्री यादवको सम्पत्तिको ठूलो हिस्सा ग्रामीण र कृषि भूमिमा आधारित रहेको संकेत गर्छ।


चल सम्पत्तितर्फ मन्त्री यादवसँग करिब १८० तोला सुन, दुई किलो चाँदी र चार वटा हिराका औंठी रहेको उल्लेख गरिएको छ। यी बहुमूल्य गहना लामो समयअघि पारिवारिक रूपमा संकलन गरिएको बताइएको छ। त्यस्तै विभिन्न बैंक तथा वित्तीय संस्थामा सानो-ठूलो रकमको बचत रहेको देखिन्छ, जसमा सिद्धार्थ बैंक, लक्ष्मी सनराइज बैंक, ग्लोबल आईएमई बैंक, सीभीआईसी तथा सहकारी संस्थाहरू समावेश छन्।

यसका अतिरिक्त विभिन्न कम्पनीहरूमा करिब ३ करोड ३८ लाख रुपैयाँ बराबरको लगानी रहेको विवरणमा उल्लेख गरिएको छ। साथै, काठमाडौँमा रहेको जग्गा बिग मार्टलाई लिजमा दिएर मासिक करिब ९० हजार रुपैयाँ भाडा आम्दानी हुने व्यवस्था रहेको पनि देखिन्छ, जसले उनको नियमित आम्दानीको स्रोत थप बलियो बनाएको छ।

बाँकी तेस्रो पृष्ठमा

# सरकारी अस्पतालमा अब डिजिटल रिपोर्ट प्रणाली लागू गर्ने तयारीः स्वास्थ्य मन्त्रालय

***२९ चैत्र,काठमाडौं –***
स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहताले देशभरका सबै सरकारी अस्पतालमा छिट्टै डिजिटल माध्यमबाट स्वास्थ्य परीक्षण रिपोर्ट उपलब्ध गराउने व्यवस्था लागू गरिने बताएकी छन्।



आइतबार काठमाडौंस्थित वीर अस्पतालको अनुगमनका क्रममा मन्त्री मेहताले बिरामी तथा उनीहरूका आफन्तसँग कुराकानी गर्दै रिपोर्ट लिन अस्पतालमै धाउनुपर्ने बाध्यता अन्त्य गर्न डिजिटल प्रणाली लागू गर्न लागिएको जानकारी दिइन्। उनका अनुसार अब बिरामीले आफ्नो परीक्षण रिपोर्ट अनलाइन वा डिजिटल माध्यमबाट सहजै प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ।

अस्पतालमा दैनिक करिब ५ हजारभन्दा बढी बिरामीले बहिरंग सेवा (इएम) लिने भएकाले रिपोर्ट

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।